कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (ब.सु. पूर्व)

गण्डकी प्रदेश, नेपाल

प.सं. ०७६/७७

च.नं.

ई) विद्यालय दिवा खाजाको अभिलेख राख्ने र राख्न लगाउने,

उ) शिक्षण सिकाइको समय न्यून हुन नदिन खाजा तयारी तथा व्यवस्थापनमा शिक्षक संलग्नतालाई सकभर हटाउने,

ऊ) स्थानीय कृषि उत्पादनबाट दिवा खाजाका लागि आवश्यक खाद्य सामाग्री उपलव्ध हुने व्यवस्था मिलाउने,

ए) दिवा खाजा व्यवस्थापनमा देखा परेका समस्या पहिचान गरी समाधानका उपायहरु अवलम्वन गर्ने,

ऐ) प्रत्येक शैक्षिक सत्र प्रारम्भ हुनुपूर्व दिवा खाजा व्यवस्थापन तथा कार्यान्वयनको सम्वन्धमा अभिभावक, आमा समुह र शिक्षक स्टापवीच समिक्षा गरी प्रतिवेदन र वार्षिक कार्ययोजना निर्माण गर्न लगाउने ।

**ख) अभिभावक, आमा समूह:**

दिवा खाजामा हुनपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषक तत्वका सम्वन्धमा अनुगमन गरी सुझाव तथा सहयोग प्रदान गर्ने,

५) दिवा खाजा व्यवस्थापन खर्च उपलव्ध गराउने पद्धती:

अ) दिवा खाजा सम्वन्धि विद्यार्थी हाजिरी विवरण तथा खाजा खुवाइएको खर्च शोध भर्ना फारम तथा अभिभावक, आमा समुहको कम्तिमा पाक्षिक रुपमा अनुगमन गरेको फारम सहित चौमासिक रुपमा कावासोती नगरपालिका शिक्षा शाखामा माग गर्ने । यसरी पेश हुन आएको विवरण सत्यापन गरी विद्यालय खुलेको दिन उपस्थित विद्यार्थीलाई प्रतिदिन प्रति विद्यार्थी रु १५ का दरले खाजा रकम विद्यालयगत रुपमा निकासा हुने छ ।

६) दिवा खाजा व्यवस्थापन तथा कार्यान्वयन सम्वन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यको विस्तृत जानकारीका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको www.goe.gov.np मा रहेको "सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिक-२०७६" हेर्नुहुन समेत अनुरोध गरिन्छ ।

शाखा अधिकृत